# फिदिम राजपत्र


## फिदिम नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ फिदिम,पाँचथर श्रावण २५ गते २०८१ संख्याः २


**भाग-२**

**फिदिम नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**फिदिम पाँचथरको सूचना**

**फिदिम नगरपालिकाको आर्थिक सहायता कार्यविधि २०८० लाई संशोधन गर्न बनेको फिदिम नगरपालिकाको आर्थिक सहायता (प्रथम संशोधन) कार्यविधि, २०८१**

## फिदिम नगरपालिकाको आर्थिक सहायता कार्यविधि २०८० लाई संशोधन गर्न बनेको फिदिम नगरपालिकाको आर्थिक सहायता (प्रथम संशोधन) कार्यविधि, २०८१

**प्रस्तावनाः** फिदिम नगरपालिका भित्र वसोबास गर्ने नेपाली नागरीक, फिदिम नगरपालिकाका जनप्रतिनिधि, फिदिम नगरपालिका र अन्तरगतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको प्राकृतिक तथा मानवीय कारणबाट जीउज्यान र अन्य सम्पतिको क्षती भएमा तथा आर्थिक रुपले विपन्न, असहाय, असक्त, नागरिकको हित प्रवर्दन गर्दै लोक कल्याणकारी राज्यको अवधारणालाई मुर्तरुप दिने उद्धेश्यबाट प्रेरित हुँदै फिदिम भित्र रहेका आर्थिक रुपले विपन्न, दिर्घरोगी,हिंसा पिडित, वेचविखनमा परेका महिला तथा बालबालिका विरामी भएमा तथा दुर्घटनामा परेमा आर्थिक सहायता दिन आर्थिक सहायता सम्बन्धी कार्यविधि बनाउन वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी फिदिम नगरपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद–१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम **"फिदिम नगरपालिकाको आर्थिक सहायता कार्यविधि २०८० लाई संशोधन गर्न बनेको फिदिम नगरपालिकाको आर्थिक सहायता (प्रथम संशोधन) कार्यविधि, २०८१"** रहने छ र यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **आर्थिक सहायता** भन्नाले कुनै पनि किसिमको प्राकृतिक वा मानवीय कारणबाट जीउज्यान, धनजन र अन्य सम्पतीको क्षति भएको जनप्रतिनिधि, कर्मचारी र फिदिम भित्र वसोबास गर्ने नेपाली नागरिकलाई नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहायता भन्ने वुझाउँछ।

ख) **आर्थिक सहायता पाउन योग्य व्यक्ति भन्नाले** विपन्न असहाय, विरामी तथा मुटु, मृगौला, फोक्सो, पाठेघर, कलेजो, मष्तिष्क जस्ता शरिरका महत्वपूर्ण अंगहरुका रोगी एवं क्यान्सर पिडित तथा स्पाईनल इन्ज्युरी भएका व्यक्तिहरु, घरेलु हिंसा, यौन हिंसाबाट अक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरु जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा वेवारिसे अवस्थामा फेलापरेका, ऋणको कारण बन्धकमा परेको वा जबरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित दुर्घटनामा परेको,प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका, बेसहारा बृद्ध बृद्धा र नगरपालिका जनप्रतिनिधि र अन्तरगत कार्यरत कर्मचारीसमेत बुझ्नुपर्छ।

ग) "नगरपालिका प्रमुख" भन्नाले फिदिम नगरपालिका प्रमुख सम्झनु पर्छ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फिदिम नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

ङ) "न्यायिक समिति" भन्नाले फिदिम नगरपालिकाको न्यायिक समिति सम्झनु पर्छ।

च) "प्राकृतिक विपत्ति" भन्नाले प्राकृतिक प्रकोपहरु जस्तैः भुकम्प, बाढी, पहिरो, चट्याङ, हुरी बतास, असिना, पहिरो, जङ्गली / घरपालुवा जिवको आक्रमण बाट हुने क्षती सम्झनु पर्छ।

छ) "गैर प्राकृतिक विपत्ति" भन्नाले मानिसका कारणबाट भएको आगलागी, माहामारी, हुलदंगा, जल तथा औधोगिक दुर्घटना, सवारी दुर्घटना, विषाक्त खाद्यान्नको सेवन, अति विपन्नता लगायत बाट हुने विपत्ती सम्झनु पर्छ ।
ज) "दीर्घ रोगी" भन्नाले मुटु, मृगौला, एच.आई.भी एड्स, क्यान्सर रोगी सम्झनु पर्छ ।
झ) "आवश्यक कागजात " भन्नाले जुन रोगका लागि सहयोग गर्न लागिएको सो रोग प्रमाणित गर्ने अधिकार प्राप्त अधिकारीबाट प्रमाणित कागजात, आर्थिक रुपमा विपन्न भनी वडा कार्यालयको सिफारिस लगतायतलाई सम्झनु पर्छ ।

## परिच्छेद - २
## आर्थिक रुपमा विपन्न, असहाय तथा दीर्घ रोगीहरुलाई गरिने आर्थिक सहायता

**३. विपन्न असहाय तथा दीर्घ रोगी पिडितलाई सहायता**: (१) आर्थिक सहायता पाउन योग्य विपन्न असहाय दिर्घ रोगी पिडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नका लागि आवश्यक कागजात सहित नगरपालिकामा निवेदन दिन सक्नेछन ।
(२) रू. दश हजार (१०,०००/-) हजार सम्मको आर्थिक सहायता नगर प्रमुखको तोक आदेशबाट र सो भन्दा पच्चीसहजार (२५,०००/-) सम्मको आर्थिक सहायता वडाको सिफारिस, विरामी प्रमाणित हुने प्रमाणपत्र को आधारमा नगर प्रमुखको निर्णयबाट उपलब्ध गराइनेछ ।
(३) रू. पच्चीस हजार (२५,०००/-) भन्दा माथिको सहयोग नगरकार्यपालिकाको बैठकले निर्णय गरे बमोजिम हुनेछ ।
**४. हिंसा पिडित तथा बेचबिखनमा परेकालाई सहायता:** (१) घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पिडित एवम् बेचबिखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जीवन यापनको लागि परिच्छेद २ दफा ३ को उपदफा (२) र (३) बमोजिम आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।
(२) उपदफा (१) बमोजिमको पीडितलाई न्याय दिलाउन एवं पुनस्थापनको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।
**५. आर्थिक रुपले विपन्न र पिडित बालबालिकालाई सहायता:** (१) आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा वेवारिसे अवस्थामा फेला परेको, ऋणका कारण बन्धकमा परेको वा जवजस्ती श्रमबाट पिडित भएको, शारीरिक वा मानसिक यातना वा भेदभावजस्ता दुर्व्यवहारबाट पिडित, दुर्घटनामा परेको, प्रकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पिडित, बाबु, आमा वा संरक्षकबाट बञ्चित अपांगता भएको, सुस्तमनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको सडक बालबालिका, दिर्घरोगी बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि नगरपालिकाको प्रमुखको तोक आदेशमा रु. १० हजार सम्म आर्थिक सहायता उपलब्ध गराईनेछ ।
(२) उपदफा (१) मा सहायता प्राप्त गर्ने बालबालिकाको शिक्षा तथा पालनपोषणको लागि आवश्यक भएमा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत आवश्यक व्यवस्था गरिनेछ ।
**६. आर्थिक रुपले विपन्न गर्भवती महिला तथा सुत्केरी आमाहरुलाई सहायता:** (१) आर्थिक रुपले विपन्न भएका गर्भवती महिला वा सुत्केरी आमाको पालनपोषणको लागि बढिमा दुई पटक नगर प्रमुखको तोक आदेशमा रु.१०,०००/- का दरले आर्थिक सहायता उपलब्ध गराईनेछ ।

**स्पष्टिकरणः दफा (३),(४), (५) र (६) बमोजिमको सुविधा प्राप्तिका लागि अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्ने छ।**

## परिच्छेद - ३
## प्राकृतिक तथा गैर प्राकृतिक कारणले विपत्तीमा परेकालाई आर्थिक सहायता

### ७. विपद्बाट प्रभावितहरूलाई आर्थिक सहायता

१) प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट प्रभावित व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यले विपद्को घटना र सोबाट आँफू वा आफ्नो परिवारका सदस्यलाई पर्न गएको हानी नोक्सानीको विवरण सहित कार्यालयमा निवेदन दर्ता गर्नुपर्नेछ।

२) उपदफा (२) बमोजिम निवेदन दर्ता गर्दा विपद्को घटना र सोबाट पर्न गएको हानी नोक्सानीको मूल्यांकन सहितको सर्जमिन मुचुल्का वा प्रतिवेदन समेत निवेदन साथ संलग्न गरिएको हुनुपर्नेछ।

३) उपदफा (२) बमोजिम दर्ता भएको निवेदन र उपदफा (३) बमोजिमको संलग्न मुचुल्का वा प्रतिवेदन समेतका आधारमा विपद् प्रभावितलाई विपद् व्यवस्थापन कोषबाट राहत रकम तथा सहायता सामग्री उपलब्ध गराईनेछ।

४) रू. दश हजार (१०,०००/-) हजार सम्मको आर्थिक सहायता नगरपालिका प्रमुखको तोक आदेशबाट र सो भन्दा पच्चीसहजार (२५,०००/-) सम्मको आर्थिक सहायता वडाको सिफारिस प्रमाणित हुने प्रमाणको आधारमा नगर प्रमुखको निर्णयबाट उपलब्ध गराइनेछ।

५) रू. पच्चीस हजार (२५,०००/-) भन्दा माथिको सहयोग नगरकार्यपालिकाको बैठकले निर्णय गरे बमोजिम हुनेछ।

## परिच्छेद – ४
## जनप्रतिनिधि तथा कर्मचारीहरूलाई आर्थिक सहायता

**८. कार्यरत रहेको अवस्थामा गरिने सहायता:** (१) जनप्रतिनिधी तथा कर्मचारीहरु कामको शिलशिलामा कार्यक्षेत्रमा खटिदाँ कुनै रोगका कारण वा दुर्घटनामा परी घाइते भएमा अवस्था हेरी नगरपालिका प्रमुखको तोक आदेशमा रु. २५ हजार सम्म सहायता उपलब्ध गराइनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएपनि यदि कार्यक्षेत्रम खटिदा कुनै जनप्रतिनिधि वा कर्मचारीको कुनै रोग वा दुर्घटनाका कारण मृत्यु भएमा निजका आश्रित परिवारलाई एकमुष्ठ रु.५ लाख सहयोग प्रदान गरिनेछ।

## परिच्छेद ५
## आकस्मिक कोष

**९. आकस्मिक कोषः-** (१) यस कार्यविधि अनुसार आर्थिक सहायता दिने एवं प्राकृतिक र गैर प्राकृतिक प्रकोप पिडितलाई राहत, उद्धार तथा पुनस्थापना गर्ने र अन्य आकस्मिक कार्यमा प्रयोग गर्ने प्रयोजनको लागि एक आकस्मीक कोष स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने आकस्मिक कोषमा देहायको रकम जम्मा गरिनेछ।

(क) संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट आकस्मीक कोषको लागि प्राप्त अनुदान

(ख) सरकारी तथा गैरसरकारी संघ संस्थाबाट आकस्मिक कार्य (आर्थिक सहायता, प्रकोप पिडित राहत ) को लागि प्राप्त सहयोग वा अनुदान

(ग) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि प्राप्त जुनसुकै रकम

(३) उपदफा (१) बमोजिम स्थापना हुने कोष नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(४) आकस्मिक कोष सम्बनधी अन्य व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद ६
## विविध

**१०. आर्थिक सहायतासम्बन्धी विशेष व्यवस्थाः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल सहायता उपलब्ध नगराउँदा आर्थिक सहायता प्राप्त गर्न योग्य व्यक्ति थप जोखिममा धकेलिन सक्ने वा थप जनधन एवं स्वास्थ्यमा हानी नोक्सानी पुग्न सक्ने अवस्था छ भन्ने लागेमा वा नगरप्रमुखलाई तत्काल सहायता उपलब्ध गराउन मनासिव लागेको अवस्थामा नगर प्रमुखले त्यस्तो व्यक्तिलाई रु १०,०००/- हजार सम्मको आर्थिक सहायता बिना कुनै शर्त उपलब्ध गराउन सक्नेछ।

**११. अधिकार प्रत्यायोजनः** यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धी निर्णयको अधिकार नगरकार्यपालिकाले नगरपालिका प्रमुखमा प्रत्यायोजन गर्न सक्नेछ।

**१२. बाधा अडकाउ फुकाउने**: यस कार्यविधि कार्यन्वयनको क्रममा कुनै समस्या उत्पन्न भएमा त्यसको निराकरण गर्ने र वाधा अडकाउ फुकाउने अधिकार नगरकार्यपालिकामा निहित रहने छ।

**आज्ञाले,**

**कुमार प्रसाद भट्टराई**

**प्रमुख प्रशासकीय अधिकृत।**